# जातीय समानताको प्रचार निम्ति
# अवस्थित र योजनाबद्ध उपायहरू

## हङकङ पर्यटन बोर्ड

हङकङ पर्यटन बोर्ड ("HKTB") सरकारी अनुदानद्वारा संचालित एक निकाय हो जसले हङकङलाई विश्वव्यापी रुपमा भम्रणको लागि एक गन्तव्य स्थल भनी प्रचारप्रसार र विज्ञापन गर्ने कार्य गर्दछ र यहाँ उनीहरु आईपुगेपछि आगन्तुकहरूको अनुभवलाई स्तरिय बनाउन सहयोग गर्दछ । HKTB ले आम जनता र विश्वभरिका पर्यटकहरूलाई, उनीहरुको जातीय पृष्ठभूमिका बाबजुद,सेवाहरु समान रुपमा प्राप्त हुने सुनिश्चित गर्न ठूलो महत्त्व दिन्छ ।

(A) **<u>आगन्तुकको लागि सूचना सेवाहरू</u>**

| | |
|---|---|
| सेवा सम्बन्धित | • HKTB को पर्यटक केन्द्रहरु सार्वजनिक र पर्यटकहरुलाई एक विस्तृत रुपमा पर्यटन सम्बन्धित जानकारी र सेवाहरु प्रदान गर्न प्रतिबद्ध छन् । |
| अवस्थित उपायहरू | • पर्यटक केन्द्रहरुमा वितरण गरिने HKTB को प्रकाशनहरु चिनियाँ र अंग्रेजी दुवै भाषाहरुमा छापिएका छन् । |
| | • HKTB को सेवाहरूले मुख्यतया योग्य आगन्तुकहरूलाई लक्षित गर्दछ, आवश्यक भएमा HKTB को फ्रन्टलाइन स्टाफले वाणिज्य दूतावास वा अल्पसंख्यक जातीयहरुको लागि केन्द्र (“CHEER”) लाई विदेशी भाषाहरु जस्तै बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, पन्जाबी, तागालग, थाई, उर्दू र भियतनामीमा दोभाषे सेवाको लागि सहयोग माग्न सक्नुहुनेछ । |

| | | |
|---|---|---|
| भावी कार्यको मूल्यांकन | • | HKTBले समय समयमा आफ्नो सेवाहरु मूल्यांकन गर्न जारी राख्नेछ, सर्वसाधारण र पर्टकहरुको प्रतिक्रिया र सुझावहरु लिनेछन् र आवश्यक र उपयुक्त भएमा यसको सेवाहरू अझ वृद्धि गर्नेछ । HKTBले विविध जातिबाट भाषाको आवश्यकता सम्बन्धि डाटा पनि संकलन गर्नेछ, जुन सेवा प्रावधानको निरन्तर मूल्यांकन र सुधारको लागि प्रयोग हुनेछ । |

(B) **HKTB को वेबसाइट**

| | | |
|---|---|---|
| सेवा सम्बन्धित | • | HKTB ले सर्वसाधारण तथा पर्यटकहरुलाई विस्तृत रुपमा पर्यटन,आकर्षण स्थल र कार्यक्रमहरुको सम्बन्धित जानकारी HKTB को वेबसाइट (www.discoverhongkong.com) मार्फत उपलब्ध गर्दछ । |
| अवस्थित उपायहरू | • | HKTB को वेबसाइट चिनियाँ र अंग्रेजी दुवै भाषा र अन्य भाषाहरुमा छन् ।[1] |
| भावी कार्यको मूल्यांकन | • | HKTB ले आवश्यक र उपयुक्त भएको खण्डमा विविध जातिको आवश्यकता पूर्ति गर्न समय-समयमा HKTB को वेबसाइटमा अधिक भाषाहरू समावेश गर्ने आवश्यकतालाई मूल्यांकन गर्न जारी राख्नेछ । HKTBले विविध जातिबाट भाषाको आवश्यकता सम्बन्धि डाटा पनि संकलन गर्नेछ, जुन सेवा प्रावधानको निरन्तर मूल्यांकन र सुधारको लागि प्रयोग हुनेछ |

[1] चिनियाँ र अंग्रजी सँगै, को वेबसाइटमा अन्य 11वटा भाषाहरुछन् ,जसमा अरबी, बहासा इन्डोनेशिया, बहासा मलेसिया, डच, जर्मन, कोरियाली, फ्रेन्च, जापानी, रूसी, थाई, र भियतनामी समावेश छन् ।

## (C) **कोष योजनाहरु**

| | |
|---|---|
| सेवा सम्बन्धित | • हाल HKTBले धेरै योजनाहरू प्रबन्ध गर्दछ जुन योग्य संस्थाहरू वा कम्पनीहरूले आवेदन दिन सक्छन्, जस्तै विशेष स्थानीय पर्यटन कार्यक्रमहरूका लागि पायलट योजना र सानो समूहको बैंठक, इन्सेन्टिभ र सम्मेलन समूहहरूलाई अनुदान मार्फत सहयोग दिइनेछ । |
| अवस्थित उपायहरू | • यद्यपि कोष योजनाका आवेदकहरू संस्थाहरु वा कम्पनीहरुमा सीमित भए तापनि, HKTB का सेवाहरू जातिको सन्दर्भमा निरपेक्ष छन् र चिनियाँ तथा अंग्रजी दुवै भाषामा कार्यक्रम संचालन गर्दछन् ।<br>• आवश्यक भएमा HKTBले अन्य विदेशी भाषाहरूमा दोभाषे सेवाहरूको लागि CHEERलाई वा वाणिज्य दूतावासहरूबाट आवश्यक सहयोग लिन सक्छन् । |
| भावी कार्यको मूल्यांकन | • HKTB ले वर्तमान उपायहरु लागू गर्न जारी राख्नेछ, र जाति सम्बन्धि समानता सुनिश्चित गर्न यी सेवालाई नियमित रुपमा मूल्यांकन गर्नेछ । HKTBले विविध जातिबाट भाषाको आवश्यकता सम्बन्धि डाटा पनि संकलन गर्नेछ, जुन सेवा प्रावधानको निरन्तर मूल्यांकन र सुधारको लागि प्रयोग हुनेछ । |

## (D) **गुणस्तरीय पर्यटन सेवा योजना**

| | |
|---|---|
| सेवा सम्बन्धित | • HKTBले हालमा गुणस्तरीय पर्यटन सेवा योजना ("QTS") प्रबन्ध गर्दछ, जुन एक सेवा प्रमाणीकरण कार्यक्रम हो जहाँ खुद्रा विक्रेताहरू, रेष्टुरेन्टहरू र पर्यटक |

आवासले गुणस्तरीय पर्यटन सेवाहरू प्रदान गर्दछ, जसमा एक निर्धारण गरेको निर्धारित मापदण्ड पूरा गरेपछि, यस योजना अन्तर्गत QTS व्यापारीको रूपमा प्रमाणित हुन्छ।

| | |
|---|---|
| अवस्थित उपायहरू | • यद्यपि प्रोग्रामका आवेदकहरू खुद्रा विक्रेताहरू, रेस्टुरेन्टहरू र आगन्तुकहरूमा सीमित भए तापनि, HKTB का सेवाहरू जातिको सन्दर्भमा निरपेक्ष छन् र चिनियाँ तथा अंग्रजी दुवै भाषामा कार्यक्रम संचालन गर्दछन् ।<br><br>• आवश्यक भएमा HKTB ले अन्य विदेशी भाषाहरूमा दोभाषे सेवाहरूको लागि लाई CHEER वा वाणिज्य दूतावासहरूबाट आवश्यक सहयोग लिन सक्छ। |
| भावी कार्यको मूल्यांकन | • HKTB ले वर्तमान उपायहरु लागू गर्न जारी राख्नेछ, र जाति सम्बन्धि समानता सुनिश्चित गर्न यी सेवालाई नियमित रुपमा मूल्यांकन गर्नेछ । HKTBले विविध जातिबाट भाषाको आवश्यकता सम्बन्धि डाटा पनि संकलन गर्नेछ, जुन सेवा प्रावधानको निरन्तर मूल्यांकन र सुधारको लागि प्रयोग हुनेछ । |

## (E) प्रशिक्षण

| | |
|---|---|
| लिने/लिनु पर्ने थप उपायहरु | • HKTBले आफ्ना कर्मचारीहरूमा जातीय समानताको मामिला बारे बुझाईलाई थप वृद्धि गर्न जातीय समानतामा प्रशिक्षणको प्रबन्ध गर्दछ । |

सोधपुछको लागि , कृपया हामीलाई निम्न माध्यमद्वारा सम्पर्क गर्नुहोस्:

| | |
|---|---|
| टेलिफोन: | Mr Ken Cheung:<br>2508 1234 (भम्रणबारे उपभोक्मको प्रतिक्रया र सोधपुछको लागि);<br>Ms Suki Lai:<br>2807 6199 (अन्य सोधपुछहरु)<br>2503 6114 |
| ययायस: | info@hktb.com |
| ईमेल: | https://www.discoverhongkong.com/eng/contact-us.html |
| वेबसाइट: | |
| पत्र ाचारठेगाना: | 11/F, Citicorp Centre, 18 Whitfield Road. North Point, Hong Kong |

**हङकङ पर्यटन बोर्ड**

**मे 2024**